## माङसेबुङ गाउँपालिका, इलाम

## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या** : ३९ औं

**मिति** : २०८१/०५/२३

आज मिति २०८१ साल भदौ २३ गते आइतबारका दिन माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राई ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा, गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क्र. सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्वाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योङहाङ | १ नं वडा अध्यक्ष | | |
| ४ | श्री कृष्ण बहादुर बस्नेत | २ नं वडा अध्यक्ष | | |
| ५ | श्री लक्षुमन राई | ३ नं वडा अध्यक्ष | | |
| ६ | श्री नविन लिम्बू | ४ नं वडा अध्यक्ष | | |
| ७ | श्री नरेन्द्र कुमार राई | ५ नं वडा अध्यक्ष | | |
| ८ | श्री प्रदिप साङपाङ | ६ नं वडा अध्यक्ष | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | | |
| १२ | श्री पुनम साम्बाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री विनोद कुमार चौहान | सचिव | | |
| १५ | श्री युवराज दहाल | अ. हे. ई. | | |
| १६ | श्री ममिता भट्टराई | प्रशासन प्रमुख | | |
| १७ | | | | |
| १८ | | | | |

# माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या** : ३९ औं **मिति** : २०८१/०५/२३

---

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको कार्यान्वयनको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. १** : मिति : २०८१ साउन ११ गते भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. २**

मिति : हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुवाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

माङसेवुङ गाउँपालिकाको जलस्रोत कार्यविधि, २०७६ संशोधन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ३**

माङसेवुङ गाउँपालिकाको जलस्रोत कार्यविधि, २०७६ मा देहाय बमोजिमको व्यवस्था थप गर्ने : देहाय :

(५) क. <u>जल उपभोक्ता संस्था नवीकरण</u> : प्रत्येक जल उपभोक्ता संस्थाले गाउँपालिकाको आर्थिक ऐन अनुसार देहायका कागजात सहित प्रत्येक वर्ष संस्था नवीकरण गर्नु पर्नेछ :

**देहाय** :

(क) संस्था दर्ताको सक्कलै प्रमाणपत्र,

(ख) लेखापरीक्षण प्रतिवेदन,

(ग) संस्था नवीकरण गर्ने वारे सम्वन्धित संस्थाको बैठको निर्णयको प्रतिलिपि,

(घ) नवीकरण गरिदिने वारेको निवेदन,

(ङ) राजस्व वुझाएको भौचर/रसिद,

(च) वार्षिक प्रगती प्रतिवेदन ।

**प्रस्ताव नं. ४**

कार्यालयका केही मोटरसाइकल मर्मत गर्ने सम्वन्धमा ।

**निर्णय नं. ४**

कर्मचारीहरुको जिम्मामा रहेका केही मोटरसाइकल निजहरुलाई तोकिएको मर्मत सीमाभन्दा धेरै खर्च लाग्नेगरी बिग्रिएकोले रु. ४ लाखसम्म सो मर्मत एकमुष्ठ रुपमा गाउँपालिकाले नै गर्ने ।

**प्रस्ताव नं. ५**

नदीहरुको IEE गर्ने सम्वन्धमा ।

**निर्णय नं. ५**

केही योजनाहरुको IEE र DPR गर्ने :

देहायका नदीहरुको यथाशीघ्र IEE गर्ने :

- ✓ रतुवा खोला,
- ✓ मावा खोला,
- ✓ देउमाई खोला,
- ✓ फेवा खोला,
- ✓ लम्फेवा खोला ।

देहायका नदीहरुको DPR गर्ने

- मिक्लाजुङ खानेपानी आयोजना (सम्बन्धित शीर्षकमा प्राप्त विशेष अनुदानवाट खर्च गर्ने)
- चिसोपानी पञ्चमी सामुदायिक भवन (वडा नं. ६)
- फाल्गुनन्द पार्क (वडा नं. ६)
- किरात याक्थुङ चुम्लुङ पार्क (वडा नं. १)
- वौद्ध विहार (वडा नं. १)

**प्रस्ताव नं. ६**

भाषिक कर्मचारी नियुक्ति प्रक्रिया अघि वढाउने सम्वन्धमा ।

**निर्णय नं. ६**

माङसेबुङ गाउँपालिकाको कार्यविधि अनुरुप भाषिक कर्मचारी नियुक्ति प्रक्रिया यथाशीघ्र अघि वढाउने ।

**प्रस्ताव नं. ७**

एग्रो पुलिङ कार्यक्रमको सिफारिस सम्वन्धमा ।

**निर्णय नं. ७**

एग्रो पुलिङ कार्यक्रमको सिफारिस गर्ने ।

**प्रस्ताव नं. ८**

माङमालुङ विकास सम्बन्धी कानून बनाउने सम्बन्धमा ।

**निर्णय नं. ८**

माङमालुङ विकास सम्बन्धी कानून बनाउन आवश्यक परामर्श सेवा खरिद गर्ने ।

**प्रस्ताव नं. ९**

माङमालुङ धार्मिक स्थलमा पुजारी राख्ने सम्बन्धमा ।

**निर्णय नं. ९**

माङमालुङ धार्मिक स्थलमा पुजारी राख्ने गाउँपालिका अध्यक्षलाई जिम्मेवारी दिने । सो पुजारीलाई अर्को व्यवस्था नभएसम्मको लागि मासिक रु. २०,०००।० प्रदान गर्ने । सो स्थलमा भेटीवापत प्राप्त रकम गाउँपालिकाको राजस्वमा दाखिला गर्नुपर्ने ।

**प्रस्ताव नं. १०**

काठमाण्डौं महानगरपालिकाको एग्रो पुलिङ कार्यक्रम सञ्चालनमा सहकार्य गर्ने सम्वन्धमा ।

**निर्णय नं. १०**

काठमाण्डौं महानगरपालिकाले प्रकाशन गरेको सूचना अनुसार यस माङसेबुङ गाउँपालिका क्षेत्रमा उत्पादन हुने कृषि उपजहरुको बजारीकरणका लागि एग्रो पुलिङ कार्यक्रम सञ्चालनमा सहकार्य गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११**

प्रदेश समपूरक अनुदानबाट प्राप्त योजनामा गाउँपालिकाको लागत सहभागिता सम्वन्धमा ।

**निर्णय नं. ११**

चालू आर्थिक वर्षमा माङसेबुङ गाउँपालिकालाई समपूरक अनुदानबाट प्राप्त देहायका योजनाहरुका लागि देहाय वमोजिम गाउँपालिकाले लागत सहभागिता जनाउने र सो रकम गाउँपालिकाको स्वीकृत बजेटको समपूरक कोषबाट व्यहोर्ने ।

**देहाय :**

| क्र. सं. | योजनाको नाम | प्रदेश समपूरक अनुदान रु. | गाउँपालिकाको सहभागिता रु. | जम्मा रु. |
|---|---|---|---|---|
| १ | वि. पि. मार्ग सडक स्तरोन्नति | ६० लाख | ५५ लाख ७१ हजार | १ करोड १५ लाख ७१ हजार |
| २ | देउमाई फाकफोक दोभान देउराली हुलाक सडक स्तरोन्नति | ४० लाख | ४७ लाख १४ हजार | ८७ लाख १४ हजार |

**प्रस्ताव नं. १२**

स्टक प्रमाणित तथा तथा सोसम्बन्धी राजस्व संकलन गर्ने सम्वन्धमा ।

**निर्णय नं. १२**

गत आ. व. २०८०/०८१ मा माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले ठेक्का लगाई रतुवा खोला, देउमाई खोला, फेवा खोला र लम्फेवा खोलाबाट उत्खनन् तथा संकलन भई बाँकी नदीजन्य पद्दार्थ (ढुंगा, गिट्टी, बालुवा) को स्टकको स्थलगत अनुगमन तथा नापजाँचबाट प्राप्त प्रतिवेदनलाई अनुमोदन गर्ने र सो प्रतिवेदनका आधारमा देहाय बमोजिम राजस्व असुल गरी प्रयोग/निकासी गर्न अनुमती दिने ।

<u>देहाय</u> :

| क्र. सं. | ठेक्का नं.र ठेक्का लिने कम्पनी | नदीजन्य पद्दार्थ स्टक रहेका स्थान | स्टक रहेका सामाग्रीहरुको परिमाण | स्टक प्रमाणित गरे बापत् असुल गर्नुपर्ने राजस्व रकम रु. |
|---|---|---|---|---|
| १ | MRM/NCB/REVENUE 080/081-3 [Balark Constructions and Suppliers Pvt. Ltd. Mangsebung -6, Ilam] | गजुरमुखी प्रहरी बिट छेउ | २३८१.७३३ घ. मि. | कोशी प्रदेश सरकारले तोके बमोजिम स्टक प्रमाणित वापत प्रति घनफिटको रु. ०.५ का दरले जम्मा रु. ६१,७३३.३२६९ |
| | | फेवा खोला बगर छेउ | ४८.७७ घ. मि. | |
| | | दोभान घाट : १ | ७६६.७९ घ. मि. | |
| | | दोभान घाट : २ | १२६ घ. मि. | |
| | | दोभान घाट : ३ | १४१.६४ घ. मि. | |
| | | दोभान घाट : ४ | ३१.२५ घ. मि. | |
| | | जम्मा | ३४९६.१८३ घ. मि. (१,२३,४६६.६५४ घनफिट) | |
| २ | MRM/NCB/REVENUE/06/080-081 (जे. एण्ड जे. निर्माण सेवा प्रा. लि.दमक-२, झापा) | रतुवा खोला घाट १ | २३४०.७४ घ. मि. | कोशी प्रदेश सरकारले तोके बमोजिम स्टक प्रमाणित वापत प्रति घनफिटको रु. ०.५ का दरले जम्मा रु. २,५७,९८७.६५६ |
| | | रतुवा खोला घाट २ | ४१५८.८० घ. मि. | |
| | | रतुवा खोला घाट ३ | ८१११.२४ घ. मि. | |
| | | जम्मा | १४६१०.७८ घ. मि (५,१५,९७५.३१२ घनफिट) | |

* १ घनमिटर .= ३५.३१४७ घनफिट

**प्रस्ताव नं. १३**

अविनाश राई (माङसेबुङ - ६) लाई जिम्मेवारी र आर्थिक सुविधा थप गर्ने सम्वन्धमा ।

**निर्णय नं. १३**

माङसेबुङ गाउँपालिका, स्वास्थ्य शाखाबाट गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरुमा खोप ढुवानी गर्ने तथा खोप कार्यक्रम सञ्चालन भइसकेपछि बाँकी खोपसँग सम्वन्धित सामाग्रीहरु पुन स्वास्थ्य शाखामै फिर्ता ल्याएवापत स्वास्थ्य तर्फको सम्वन्धित शीर्षकबाट मासिक रु. ६,५००।- आर्थिक सुविधा लिइरहेका अविनाश राई (माङसेबुङ - ६) लाई माङसेबुङ - ६, माङमालुङस्थित कृषि विकास

तथा पशु सेवा केन्द्रमा उपस्थित भई कार्यालय खोल्ने, वन्द गर्ने, सरसफाई गर्ने तथा आवश्यक परेको अन्य काम समेत गर्ने गरी जिम्मेवारी सुम्पने । सो थप कार्य गरे वापत निजलाई गाउँपालिकाको चालू आ. व. को स्वीकृत बजेटको 'करार सेवा शुल्क' बाट मासिक रु. ११,०००।- थप गर्ने ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : विनोद कुमार चौहान*

*पद : प्रमुख प्रशासकीय अधिकृत*